बैठक नं. :- ३

मिति :- २०७५/०६/२१ गते आईतबार

समय :- १०:०० बजे बिहान

स्थान :- बाँफिकोट गाउँकार्यपालिकाको सभाहल ,बाँफिकोट रुकुम (पश्चिम)

आज मिति २०७५ साल असोज २१ गते आईतबारका दिन यस बाँफिकोट गाँउपालिका अध्यक्ष श्री धर्मबहादुर के.सी. को अध्यक्ष्यतामा बाँफिकोट गाउँपालिकाको सभाहलमा गाउँ कार्यपालिकाको बैठक बसी तपसीलको उपस्थितिमा तपशीलका प्रस्ताव माथि छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो ।

**उपस्थिति**

श्री धर्मबहादुर के.सी. :-अध्यक्ष,बाँफिकोट गाउँपालिकाका ,रुकुम(पश्चिम)
श्री मनकला पुन, :- उपाध्यक्ष,बाँफिकोट गाउँपालिकाका,रुकुम(पश्चिम)
श्री हर्कु मल्ल :- सदस्य,बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)
श्री धनबहादुर खत्री :-सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)
श्री चन्द्रबहादुर के.सी. :-सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)
श्री लिलाराम बि.क. :- सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)
श्री कस्तुप प्रकाश दाहाल :-सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)
श्री मनोजकुमार अधिकारी :-सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)
श्री नरबहादुर खत्री :-सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)
श्री मनबहादुर के.सी. :-सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)
श्री कबिराम के.सी., :-सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)
श्री अर्जुन चन्द, :-सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)
श्री जनकुमारी खत्री, :- सदस्य,बाँफिकोट गाउँपालिकाका,रुकुम(पश्चिम)
श्री तारा बुढा के.सी. :- सदस्य,बाँफिकोट गाउँपालिकाका,रुकुम(पश्चिम)
श्री सिता खडका के.सी. :- सदस्य, बाँफिकोट गाउँपालिकाका,रुकुम(पश्चिम)
श्री शेरुविश्वकर्मा :- सदस्य,बाँफिकोट गाउँपालिकाका,रुकुम(पश्चिम)
श्री मनबहादुर बादी :- सदस्य,बाँफिकोट गाउँपालिकाका,रुकुम(पश्चिम)
श्री महेश कुमार गुरुङ्ग :- सदस्य सचिव,बाँफिकोट गाउँपालिका,रुकुम(पश्चिम)

**प्रस्तावहरु**

१) महोत्सवको हिसावकिताब सार्बजनिक, बजेट व्यवस्थापन र खर्च भुक्तानी सम्बन्धमा ।
२) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर प्रवर्द्धन सम्वन्धमा ।
३) वहुक्षेत्रीय पोषण कार्यक्रम संसोधन र स्वीकृत सम्वन्धमा ।
४) विपद व्यवस्थापन प्रतिवेदन सम्वन्धमा ।
५) मलेप प्रतिवेदन छलफल सम्वन्धमा ।
६) सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धमा ।
७) सेवा करारमा कार्यालय सहयोगी राख्ने सम्बन्धमा ।
८) मेलमिलाप कर्ता तालिम संचालन समबन्धमा ।
९) हाइड्रोपावर समवन्धमा ।
१०) समपुरक कोष सम्वन्धमा ।
११) विविध सम्बन्धमा ।

धर्मबहादुर के.सी.
अध्यक्ष

**निर्णयहरु**

**निर्णय नं.१** : प्रस्ताव नं.१ को विषयमा आवश्यक छलफल गर्दा मिति २०७५।११ देखि १५ गते सम्म सञ्चालित दोस्रो स्यार्पु पर्यटन महोत्सव सफल रुपमा सम्पन्न भएको एवं महोत्सव सञ्चालनमा खर्च रु. सत्रलाख अठसठी हजार एक सय असी र आय रु.एकलाख चालीस हजार एक सय पचास भएको र उक्त महोत्सवको खर्च रु पन्ध्रलाख आ.व. ०७५।०७६को गाउँसभाबाट पारित पर्यटन शिर्षकबाट तथा बाँकी दूइलाख अठसठी हजार एक सय असी समपुरक शिर्षकबाट खर्च भुक्तानी दिने निर्णय सर्बसम्मतिले पारित गरियो ।

## व्यय विवरण

| सि.नं | विवरण | रकम | | |
|---|---|---|---|---|
| १ | टेन्ट व्यवस्थापन | २९,४१२।०० | ४,४१२।०० | २५,०००।०० |
| २ | इन्द्रेणी सांस्कृतिक समूह | ३५८,८२४।०० | ५३,८२३।६० | ३०५,०००।४० |
| ३ | अमित परियार कलाकार | ५८,८२४।०० | ८,८२३।६० | ५०,०००।४० |
| ४ | साउन्डल सिस्टम रमेश कू परियार | ४७,०५९।०० | ७,०५८।८५ | ४०,०००।१५ |
| ५ | मुल्यांकनकर्ता सिगारु पन्चैवाजा | ६,०००।०० | ९००।०० | ५,१००।०० |
| ६ | सिगारु नाच पूरस्कार | ३०,६६७।०० | ७,६६६।७५ | २३,०००।२५ |
| ७ | झाकी नाच | ६,०००।०० | १,५००।०० | ४,५००।०० |
| ८ | पन्चैवाजा | ७४,६६७।०० | १८,६६६।७५ | ५६,०००।२५ |
| ९ | उत्कृष्ट खेलाडी पूरुष महिला भलिबल | ५,३३४।०० | १,३३३।५० | ४,०००।५० |
| १० | पुरुस्कार पुरुष भलिबल | १५३,३३३।०० | ३८,३३३।२५ | ११४,९९९।७५ |
| ११ | महिला भलिबल पुरुस्कार | १५३,३३३।०० | ३८,३३३।२५ | ११४,९९९।७५ |
| १२ | रेफ्री पारिश्रमिक | ५६,४७१।०० | ८,४७०।६५ | ४८,०००।३५ |
| १३ | याताया खर्च रेफ्री | ८,०००।०० | ( | ८,०००।०० |
| १४ | बोडिगं स्कूल पूरस्कार | २,६६७।०० | ६६६।७५ | २,०००।२५ |
| १५ | पत्रकार गाडी भाडा | २४,०००।०० | २,४००।०० | २१,६००।०० |
| १६ | मन्च व्यवस्थापन खर्च | ८१,७७८।०० | १,२२६।६७ | ८०,५५१।३३ |
| १७ | माला पेटोल पानी | ९,८८०।०० | १४८।२० | ९,७३१।८० |
| १८ | राप्ती अफसेट प्रेस | १८१,९८६।३० | २,७२९।७९ | १७९,२५६।५१ |
| १९ | नेटावजार बाट सामान | २,८५०।०० | ४२।७५ | २,८०७।२५ |
| २० | मूसीकोट दैनिक पत्रिका | ७,५००।०० | ११२।५० | ७,३८७।५० |
| २१ | साप्ताहिक | ५,०००।०० | ७५।०० | ४,९२५।०० |
| २२ | रेडियो सूचना | २०,०००।०० | ३००।०० | १९,७००।०० |
| २३ | रेडियो सूचना सानोभेरी | ३०,०००।०० | ४५०।०० | २९,५५०।०० |
| २४ | खाना खर्च गेष्टहरुलाई | ३६२,८९०।०० | ५,४४३।३५ | ३५७,४४६।६५ |
| २५ | खेलकूद उपसमिति खर्च रु | ८,७०५।०० | १३०।५८ | ८,५७४।४३ |
| २६ | खाना कूपन १० ठेली | २०,०००।०० | ३००।०० | १९,७००।०० |
| २७ | इनद्रेणी समूह खाना खर्च भूक्तानी खलंगा | २३००० | ३४५।०० | २२,६५५।०० |
| | जम्मा व्यय | १७६८१८०।३० | २०३,६९२।७९ | १५६४४८७।५१ |

धर्मबहादुर के.सी.
अध्यक्ष

**निर्णय नं.२** : प्रस्ताव नं.२ को बिषयमा आवश्यक छलफल गर्दा यस बाँफिकोट गाउँपालिकाका विद्यालयमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर प्रवर्द्धन कार्यक्रम संचालनको प्रशासनिक तथा मेशनरी सामग्री खरीद गर्नकालागि आ.व. ०७५।०७६ को गाउँसभाबाट पारित वजेट शिर्षकमध्ये हाइड्रो पावर शिर्षकबाट दश लाख , गाउँप्रहरी शिर्षकबाट रु तेइस लाख , चक्रपथ निर्माण शिर्षकबाट रु सत्रलाख गरी जम्मा पचास लाख वजेट व्यवस्था गर्ने निर्णय पारित गरियो । सो प्रस्ताव पारित गर्न आगामी गाउँसभामा पेश गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.३** : प्रस्ताव नं.३ को बिषयमा आवश्यक छलफल गर्दा गाउँपालिका स्तरीय वहुक्षेत्रिय पोषण कार्यक्रम संचालन गर्न रु दुइलाख पचास हजार समपुरक शिर्षकबाट म्याचिगं (समपुरण ) गरी कार्यक्रम संसोधन सहित कार्यान्वयन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.४** : प्रस्ताव नं.४ को बिषयमा आवश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिकामा गठित विपद व्यवस्थापन समितिले यही मिति २०७५साउन २ देखि भाद्र १५ गतेसम्मको अविरल वर्षाकोकारण भएको क्षतिको विवरण संकलन गरी पेश गरेको प्रतिवेदन अनुमोदन गरी आवश्यक राहत तथा पुनर्स्थापना सहयोगको लागि श्री जिल्ला प्रशासन कार्यालय समक्ष पेश गर्ने निर्णय सर्बसम्मतिले पारित गरियो ।

**निर्णय नं.५** : प्रस्ताव नं.५ को बिषयमा आवश्यक छलफल गर्दा आ व २०७४।०७५को कार्यालयमा प्राप्त प्रतिवेदन गाउँकार्यपालिका बैठकमा छलफल गरियो । उक्त प्रतिवेदनमा औंल्याईएका वेरुजुकोसम्परीक्षणकालागि कार्यालयबाट प्रतिक्रया पेश गरी फर्च्यौट गर्ने निर्णय सर्बसम्मतिले पारित गरियो ।

**निर्णय नं.६** : प्रस्ताव नं.६ को बिषयमा आवश्यक छलफल गर्दा आ.व. २०७५।०७६ को प्रथम चौमासिक सामाजिक सुरक्षा भत्ता रकम वडा कार्यालयबाट टोलवस्तीमा गई वितरण गर्ने निर्णय पारित गरियो । साथै सामाजिक सुरक्षा कार्यक्रमलाई सहज रुपमा सन्चालन तथा अनुगमन गर्नकालागि तपसीलको एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्ने निर्णय पारित गरियो ।

तपशिल :

संयोजक : उपाध्यक्ष बाँफिकोट गाउँपालिका

सदस्य : गाउँकार्यपालिका सदस्य महिला

सदस्य : गाउँकार्यपालिका सदस्य

सदस्य : जेष्ठनागरिक महासंघ प्रतिनिधि

सदस्य : राष्टिय अपागं महासंघ प्रतिनिधि

सदस्य : पत्रकार महासंघ प्रतिनिधि

सदस्य : कार्यक्रम शाखा प्रमुख सामाजिक सुरक्षा शाखा, बाँफिकोट गाउँकार्यपालिका

सदस्य : शाखा प्रमुख अनुगमन तथा मुल्यांकन शाखा बाँफिकोट गाउँकार्यपालिका

**निर्णय नं.७** : प्रस्ताव नं.७ को बिषयमा आवश्यक छलफल गर्दा न्यायिक समिति र पशु सेवा शाखामा एक एक जना कार्यालय सहयोगी यही मिति २०७५।७।१देखि सेवा करार गरी नियुक्तिकोलागि सुचना प्रकाशन गर्ने निर्णय पारित गरियो । उक्त सेवा करार बापत खर्च हुने रु दइलाख सोह्र हजार रकम गाउँपालिका स्तरीय समपुरक शिर्षकबाट अन्य सेवा शुल्कमा रकम तथा शिर्षक कायम गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.८** : प्रस्ताव नं.८ को बिषयमा आवश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिका स्तरीय ३ दिने मेलमिलापकर्ता तालिम संचालनकोलागि रु एकलाख एकसठी हजार आ.व. ०७५।०७६को विनियोजित गाउँपालिका स्तरीय समपुरक शिर्षकबाट खर्च भुक्तानी गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.९** : प्रस्ताव नं.९ को बिषयमा आवश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिका बाट आ. व. ०७५।०७६ मा विनियोजित हाइड्रोपावर शिर्षकमा विनियोजित रकम मध्ये रु दश लाख मात्र स्यार्पु पावर कम्पनी लिं मुसीकोट १ रुकुम (पश्चिम ) लाई शेयर कबुल बापत उक्त लिमिटेडको सनराईज बैंक सानोभरी शाखाको खाता नं. ०७७०४९६९१७७०१००१मा भुक्तानी जम्मा गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.१०** : प्रस्ताव नं.१० को बिषयमा आवश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिका स्तरीय समपुरक कोष शिर्षकबाट तपशिल बमोजिमका कार्यक्रमहरुमा रकम बाँडफाँड गर्ने पारित गरियो । ( बाँकी समपुरक रकम रु सातलाख एक्काइस हजार चारसय साठी रहेको )

तपशिल:

बहुक्षेत्रीय पोषण परियोजना रु : दुइलाख पचास हजार मात्र ।

दोस्रो स्यार्पु पर्यटन महोत्सव २०७५को खर्च रु दुइलाख अठसठी हजार एकसय असी मात्र ।

जनजागरण मन्च रुकुम रु पाँचालाख मात्र ।

स्वच्छता परियोजना रु तेह्लाख मात्र ।

धारापानी तुरीधारा किलीमिटे पोखरा सिचांइ योजना रु चारलाख पचासहजार मात्र।

नेटापोखरा काँडा सडक स्तरोन्नती योजना रु पाँचलाख चालीसहजार मात्र।

भतभते मुहान खानेपानी योजना रु एघारलाख पाँचहजार मात्र ।

थगारे खोली खानेपानी योजना रु तेइसलाख पचास हजार मात्र ।

**निर्णय नं. ११**

(क) : प्रस्ताव नं.११मा आवश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिका प्राविधिक शाखामा एकवटा मोटरसाइकल आबश्यक रहेकोले मोटरसाइकल खरीद गर्नकोलागि समपुरक शिर्षकबाट रु दुइलाख पचास हजार विनियोजन गर्ने निर्णय पारित गरियो ।

(ख) प्रस्ताव नं. ११ मा आवश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिकामा **गार्मेन्ट ,गलैंचा र चिउरा** उद्योग संचालनकोलागि आर्थिक तथा प्राविधिक खर्च प्रयोजनार्थ , उद्योग पर्यटन वन तथा बातावरण मन्त्रालय, कर्णाली प्रदेश सरकार समक्ष रकम माग गर्न निर्णय पारित गरियो ।

(ग) प्रस्ताव नं. ११ मा आवश्यक छलफल गर्दा निलम्वित बाँफिकोट गाउँकार्यपालिका सदस्य झरना शाहीलाई बाँफिकोट गाउँकार्यपालिकाले गरेको निलम्बन आजको मितिबाट फुकुवा गर्ने निर्णय पारित गरियो ।

घ) प्रस्ताव नं ११ मा आवश्यक छलफल गर्दा प्रदेश सरकारको वजेट तथा कार्यक्रम सम्वन्धित स्थानिय तहमा कार्यन्वयनका लागि निम्नानुसार सिफारिस गर्ने निर्णय पारित गरियो ।

१, पशुपालन पकेट क्षेत्र वडा नं. १ र २

२, आधुनिक नर्सरी वडा नं. ६ प्रकोप व्यवस्थापन केन्द्र

३, पर्यटनको रकम एकमुस्ट भवन निर्माण गर्ने ।

ङ) प्रस्ताव नं. ११ मा आवश्यक छलफल गर्दा वडा नं ४ को समपुरक शिर्षकबाट दोस्रो स्यार्पु पर्यटन महोत्सवमा सहभागी भएका महिला तथा पुरुष भलिबल खेलाडी टोलीको ड्रेस खरीद तथा खाजा नास्ता खर्च रु ५००००। पचासहजार भुक्तानी दिने निर्णय गरियो । यसवर्षको दशै पर्वमा युवाहरुलाइ प्रतियोगितात्मक खेलकुद संचालनको

धर्मबहादुर के.सी.
अध्यक्ष

श्री ... गाउँपालिका
गाउँपालिकाको कार्यालय
श्रीनगरकोट, रुकुम (प.भा.)
कर्णाली प्रदेश नेपाल
२०७३

अनमति दिई कार्यक्रम संचालनकालागि रु ५००००। भुक्तानी दिने निर्णय पारित गरियो । साथै वडा नं ४ का प्रजित कामीको छोरा राजकुमार वि.क.लाइ उपचार सहयोग रु १००००। समपुरक शिर्षक वडा नं ४बाट भुक्तानी दिने र निर्णय गाउँसभाबाट अनुमोदन गर्न आगामी गाउँसभामा पेश गर्ने निर्णय पारित गरियो ।

च ) प्रस्ताव नं. ११ मा आवश्यक छलफल गर्दा वडा नं. ७ स्थित प्रगतिशिल युवा कल्व मग्मा लाई मिति २०७५।७४ देखि २०७५।७७ गतेसम्म खेल संचालनकोलागि अनुमति दिने निर्णय सर्वसम्मत पारित गरियो ।

छ) प्रस्ताव नं. ११ मा आवश्यक छलफल गर्दा वडा नं. ३को समपुरक शिर्षकबाट रु ४५०००। फर्निचर खरीद ( सोफासेट) वडा नं. ३ लाई भुक्तानी दिने निर्णय पारित गरियो । सो निर्णय अनुमोदन गर्न आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

धर्मबहादुर के.सी.
अध्यक्ष